**मुक्तिनाथ दर्शन सेवा**
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
**पोखरा साइडसिन सेवा**
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क २१८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ भदौं ७ गते आइतबार ❑ 23 Aug. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–

## छिटो न्याय सम्पादनमै हाम्रो ध्यान छ : प्रधानन्यायाधीश शर्मा

**पोखरापत्र संवाददाता**
बागलुङ, ६ भदौं

सर्वोच्च अदालतका प्रधानन्यायाधीश डा मनोजकुमार शर्माले छिटो न्याय सम्पादनमा अदालतको मुख्य ध्यान रहेको बताउनुभएको छ।

शर्माले छिटो न्याय दिनसकेमात्रै जनताको आशा र भरोसा न्यायालयप्रति बढ्ने बताउँदै पुराना मुद्दा शून्यमा झार्नुपर्ने बताउनुभएको छ । अदालतहरूको वर्तमान अवस्था, भौतिक संरचना र न्याय निरूपणको अवस्था बुझ्ने क्रममा उच्च आदलत पोखरा बागलुङ इजलासमा आउनुभएका प्रधानन्यायाधीश शर्माले छिटो न्याय सम्पादनका लागि अदालतले प्रविधिलाई आत्मसात् गर्दै अघि बढेको बताउनुभयो । प्रधानन्यायाधीश शर्माले रु ७९ करोड लागतमा हालै निर्माण भएर सञ्चालनमा आएको उच्च अदालत पोखरा बागलुङ इजालस भवन तथा



जिल्ला अदालत बागलुङको निरीक्षण गर्नुभएको थियो । उच्च अदालत बार एकाइ बागलुङका अधिवक्तासँग अन्तर्क्रिया तथा छलफलमा उहाँले न्यायसम्बन्धी जनचेताना फैलाउन अधिवक्तहरूको मुख्य भूमिका रहेको बताउनुभयो । उहाँले छिटो न्याय सम्पादन, सकभर जिल्ला अदालतबाटै मुद्दाको टुङ्गो लगाउन सकेमा जनतालाई सहज हुने बताउनुभयो । "दुई वर्ष कटेका पुराना मुद्दा निकै कम रहेको पाएँ, यसलाई शून्यमा झार्नुपर्छ, पछिल्लो समय उच्च आदलत पोखरा बागलुङ इजलासमा पुराना मुद्दा घटाएर सुविधासम्पन्न भवनबाट सेवा दिँदा सहज भएको छ", प्रधानन्यायाधीश शर्माले भन्नुभयो, "जनताले छिटो न्याय पाएमात्रै न्याय पाएको महसुस गर्नेछन्, प्रविधिमा अब्बल न्यायालय हुन आवश्यक छ।"

प्रन्या शर्माले देशभरमै बालविवाह, सम्बन्धविच्छेद, जबर्जस्ती करणीलगायत मुद्दा बढ्नु राम्रो नभएको उहाँको भनाइ छ । अदालतलाई प्रविधिमैत्री बनाउँदामात्रै छिटो र समयमै न्याय दिन सकिने विश्वास व्यक्त गर्दै उहाँले सबै अदालतलाई प्रविधिमैत्री बनाइरहेको जानकारी दिनुभयो । जिल्ला अदालत नै पहिलो न्यायको ढोका रहेकाले सकभर जिल्ला अदालतबाटै न्याय दिने प्रणालीको विकास गर्न थालिएको उहाँले स्पष्ट पार्नुभयो । जिल्ला अदालत बागलुङमा पछिल्ला केही वर्षयता मुद्दा फछ्र्योटको दरमा सुधार देखिएको अवलोकनका क्रममा पाइएको उहाँको भनाइ छ। आव २०८२/८३ मा जिल्ला अदालत बागलुङले कुल मुद्दाको लगतमध्ये ७७.९३ प्रतिशत मुद्दा फछ्र्योट गर्दै बाँकी मुद्दाको सङ्ख्या घटाएर १९७ पुर्‍याएको छ, जुन तथ्याङ्क पाँच वर्षयताकै थोरै बाँकी मुद्दा हो ।

प्रधानन्यायाधीश डा शर्माले शनिबार बिहान प्रसिद्ध बागलुङ कालिका मन्दिरको दर्शन गर्नुभएको थियो । उहाँले गण्डकी प्रदेशकै उत्कृष्ट शक्तिपीठको रूपमा रहेको कालिका भगवती मन्दिरको आज बिहान पूजाआजासहित कालिका देवीको दर्शन गर्नुभएको हो ।

## पार्टीभित्र एकता कायम गर्न कास्की काँग्रेसको अपिल

**पोखरापत्र संवाददाता**
पोखरा, ६ भदौं

नेपाली काँग्रेस कास्कीले पार्टीभित्र एकता कायम गर्न अपिल गरेको छ।

जनता र कार्यकर्ताको चाहाना नै मजबुद र एकतावद्ध काँग्रेस भएकोले त्यसतर्फ विशेष ध्यान दिन अपिल गरेको हो।

नेपाली काँग्रेस कास्कीको आज सम्पन्न बैठकले त्यस्तो अपिल गरेको नेपाली काँग्रेस कास्कीका सहसचिव एवं प्रवक्ता नवीन सिग्देलले जानकारी दिनुभयो । बैठकले नेपाली काँग्रेसको १५ औ महाधिवेशनको कार्यातालिका अनुसार तोकिएकै समयमा वडा, पालिका, प्रदेश सभा, प्रतिनिधि सभा र जिल्ला अधिवेशन सफल बनाउन अधिवेशन परिचालन समितिका साथै विभिन्न उपसमितिहरु गठन गरेको छ।

बैठकमा अहिलेसम्म भएको क्रियाशील सदस्यहरुको अद्यावधिकका विषयमा छलफल भएको थियो । बैठक नेपाली काँग्रेस कास्कीका सभापति किशोरदत्त बरालको अध्यक्षतामा भएको थियो।

## पोखरामा कर तथा अन्त:शुल्कसम्बन्धी अन्तरक्रिया

**पोखरापत्र संवाददाता**
पोखरा, ६ भदौं



मदिरा व्यवसायी समिति, कास्कीको आयोजनामा पोखरामा कर तथा अन्तःशुल्कसम्बन्धी एक विशेष अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।

व्यवसायलाई पारदर्शी, मर्यादित र कानुनी दायराभित्र रही सञ्चालन गर्ने वातावरण निर्माण गर्ने उद्देश्यका साथ सो कार्यक्रम आयोजना गरिएको हो। कार्यक्रममा मुख्य अतिथिका रूपमा बोल्दै आन्तरिक राजश्व कार्यालय पोखराका प्रमुख शिव प्रसाद ढुङ्गानाले व्यवसायीहरूले राज्यको कानुनी परिधिभित्र रहेर कर र अन्तःशुल्क चुक्ता गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले मदिरा व्यवसाय संवेदनशील क्षेत्र भएकाले कानुनी जटिलताहरूबाट बच्न र राजश्व संकलनमा राज्यलाई पूर्ण सहयोग गर्न व्यवसायीहरूलाई आग्रह गर्नुभयो । कर प्रशासन व्यवसायीहरूको समस्या समाधान गर्न सधैं तत्पर रहेको समेत उहाँको भनाइ थियो । कार्यक्रका अध्यक्ष मदिरा व्यवसायी समिति कास्कीका अध्यक्ष कृष्णबहादुर भाटले व्यवसायीहरू सधैं राज्यलाई कर तिर्न तयार रहेको तर कर प्रशासन तथा अन्तःशुल्कसम्बन्धी करलाई सरकारले सरलीकृत गरिदिनुपर्ने माग राख्नुभयो। उहाँले मदिरा व्यवसायीहरूको हकहित संरक्षणसँगै सामाजिक उत्तरदायित्वका कामलाई पनि संस्थाले निरन्तरता दिइरहेको स्पष्ट पार्नुभयो।

कार्यक्रममा मदिरा व्यवसायी महासंघ गण्डकीका अध्यक्ष गोविन्द केसी तथा मदिरा व्यवसायी समितिका पूर्वअध्यक्ष एवं महासंघका सल्लाहकार तारानाथ ढुङ्गानाले मदिरा व्यवसाय क्षेत्रले व्यहोर्नुपरेका समसामयिक समस्या, नीतिगत अस्पष्टता र कर प्रणालीका व्यावहारिक चुनौतीहरूका बारेमा आफ्ना धारणाहरू राख्दै व्यवसायीहरूको एकता र व्यवसायको शुद्धीकरणमा जोड दिनुभयो।

कार्यक्रममा आन्तरिक राजश्व कार्यालय पोखराका कर अधिकृत धर्मेन्द्र शाह, सचिव पौडेल र कम्प्युटर अधिकृतसुदिप रेग्मीले चालु अर्थिक वर्षको कर

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## प्रधानमन्त्री वालेन्द्र शाहले गर्नुभयो मुक्तिनाथको दर्शन

**रासस**
मुस्ताङ, ६ भदौं

प्रधानमन्त्री वालेन्द्र शाहले शनिबार साँझ पवित्र धार्मिकस्थल मुक्तिनाथको दर्शन गर्नुभएको छ।

जिल्ला प्रहरी कार्यालय मुस्ताङका अनुसार प्रधानमन्त्री शाहले शनिबार साँझ मुक्तिनाथको दर्शन गर्नुभएको हो। शुक्रबार काठमाडौँबाट निजी भ्रमणमा निस्कनुभएका प्रधानमन्त्री शाह दिउँसो ३ बजे बेनी-जोमसोम सडकमार्ग हुँदै मुस्ताङको जोमसोम आइपुग्नुभएको थियो । उहाँ यहाँको घरपझोङ-३ स्थित पुथाङ एयरपोर्टको होटल ओम्स होममा बस्नुभएको छ । प्रधानमन्त्री शाह होटल ओम्स होममा केही समय आराम गरी मुक्तिनाथ दर्शनका लागि प्रस्थान गर्नुभएको थियो । जिल्ला प्रहरी कार्यालय मुस्ताङका सूचना अधिकारी सन्तोष बस्यालका अनुसार प्रधानमन्त्री शाहले शनिबार साँझ मुक्तिनाथको दर्शन गरी जोमसोम फर्किनुभएको बताउनुभयो । मुक्तिनाथ विकास समितिका व्यवस्थापक दिनेश भुसालले प्रधानमन्त्री शाह शनिबार साँझ ७:३० बजे मुक्तिनाथ मन्दिरमा प्रवेश गर्नुभएको बताउनुभयो । व्यवस्थापक भुसालका अनुसार प्रधानमन्त्रीले साँझ ८:०० बजेसम्म मन्दिरमा रहेर पुजाअर्चना गर्नुभएको थियो ।

प्रधानमन्त्री शाहले मुक्तिनाथ मन्दिरका पुजारी कृष्णप्रसाद सुवेदीबाट टीका र प्रसाद ग्रहण गर्नुभएको थियो ।

## लेकसिटी कलेजमा संसदीय अभ्यास सिक्दै पोखराका विद्यार्थी


**पोखरापत्र संवाददाता**
दमौली, ६ भदौं

संसद् केवल जनप्रतिनिधिले नीति र कानुन बनाउने थलो मात्र होइन, नागरिकको आवाज सुन्ने र लोकतन्त्रलाई व्यवहारमा उतार्ने महत्वपूर्ण संस्था पनि हो । यही संसदीय अभ्यास, खुलापन र नागरिक सहभागिताको महत्व बुझ्ने अवसर पोखराका विद्यार्थीले पाएका छन् । संसदीय पत्रकार मञ्च गण्डकीको आयोजनामा युवा लक्षित संसदीय पहुँच कार्यक्रमअन्तर्गत पोखरामा अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम शुक्रवार सम्पन्न भएको हो । लेकसिटी कलेज एन्ड रिसर्च सेन्टर, गैह्रापाटन को सहकार्यमा आयोजित कार्यक्रममा पोखराका विभिन्न विद्यालयमा कक्षा ११ र १२ अध्ययनरत ८० भन्दा बढी विद्यार्थी सहभागी थिए। कार्यक्रममा गण्डकी प्रदेश सभा सचिवालयका कानुन अधिकृत रामबहादुर थापाले संसदीय खुलापन र अभ्यासका विषयमा विद्यार्थीलाई अभिमुखीकरण गराए । उनले नेपालमा संघीय शासन व्यवस्था स्थापना भएपछि संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारको कार्यक्षेत्र,



संघीय संसद् र प्रदेश सभाको अधिकार तथा कार्यविधिबारे जानकारी दिए । थापाले गण्डकी प्रदेश सभाको वर्तमान अवस्था, प्रदेश सभाअन्तर्गतका विषयगत समितिले गर्दै आएका काम तथा प्रदेश सभाबाट हालसम्म भएका विभिन्न गतिविधिबारे समेत विद्यार्थीलाई जानकारी गराए । संसदीय प्रक्रिया र कानुन निर्माणका चरणलाई सरल ढंगले प्रस्तुत गरिएपछि विद्यार्थीले चासोपूर्वक आफ्ना जिज्ञासा राखेका थिए । नेकपा एमालेकी प्रमुख सचेतक देवका पहारी त्रिपाठीले वर्तमान शासन व्यवस्था लामो राजनीतिक संघर्ष र त्यागबाट प्राप्त भएको बताइन्। उनले नयाँ पुस्ताले लोकतान्त्रिक व्यवस्थाको इतिहास बुझ्दै राजनीतिप्रति सकारात्मक चासो राख्नुपर्नेमा जोड दिइन् । जनप्रतिनिधिले गरेका कामको निगरानी गर्नु नागरिकको महत्वपूर्ण जिम्मेवारी भएको बताउँदै उनले विद्यार्थीलाई प्रदेश तथा संघीय सांसदका गतिविधि नियाल्न आग्रह गरिन् । सरकारले बाटो बिराएको अवस्थामा जनप्रतिनिधिले खबरदारी गर्नुपर्ने बताउँदै उनले प्रदेश सभा र प्रतिनिधि सभामा प्रमुख सचेतकको भूमिकाबारे समेत जानकारी गराइन्। लेकसिटी कलेज एन्ड रिसर्च सेण्टर सचालक समितिका अध्यक्ष प्राध्यापक डा. विश्वकल्याण पराजुलीले स्थापनाकालदेखि नै कलेजले विद्यार्थीको ज्ञान, क्षमता र सामाजिक चेतना अभिवृद्धि गर्ने उद्देश्यले विभिन्न कार्यक्रम गर्दै आएको बताए । विद्यालय तहदेखि नै यस्ता कार्यक्रममार्फत विद्यार्थीलाई लोकतन्त्र, राजनीति र सार्वजनिक सरोकारका विषयमा सचेत बनाउन सकिने उनको भनाइ थियो । 'यस्ता कार्यक्रमले जनप्रतिनिधिले के काम गरिरहेका छन् भन्ने विषयमा विद्यार्थी तथा नागरिकलाई निगरानी गर्न सहयोग पुर्‍याउँछ,' उनले भने । उनले लेकसिटी कलेजले विद्यार्थी र समुदायबीच संवादको वातावरण निर्माण गर्न मासिक रूपमा 'कचहरी' समेत सञ्चालन गर्दै आएको जानकारी दिए । कार्यक्रममा सहभागी विद्यार्थीले संघीयता, कानुन निर्माण र संसदीय प्रक्रियाका विषयमा विभिन्न जिज्ञासा राखे । पश्चिमाञ्चल माध्यमिक विद्यालयका विद्यार्थी कुवेर पाण्डेलगायतले कानुन निर्माणमा हुने ढिलाइ तथा संघीय र प्रदेश संसद्को कार्यसम्पादनबारे प्रश्न गरे। कानुन निर्माणका लागि धेरै प्रक्रिया पूरा गर्नुपर्ने भए पनि संसद कतिपय विषय किन लामो समयसम्म अल्झिने गर्छन् भन्ने उनीहरूको जिज्ञासा थियो । विद्यार्थीले नेपालको संघीयताको औचित्य, यसको आवश्यकता तथा नागरिक जीवनमा संघीयताले पारेको प्रभावबारे समेत चासो व्यक्त गरे । नियमित रूपमा यस्ता कार्यक्रम सञ्चालन भएमा नयाँ पुस्ताले संसदीय अभ्यास,

**बाँकी अन्तिम पृष्ठमा ▶▶**



# तेस्रो पर्वतीय खुला दौडको तयारीस्वरूप हाइकिङ सम्पन्न, रानीवनमा व्यवस्थित पैदलमार्ग निर्माण हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ६ भदौं

तेस्रो संस्करणको पुम्दी-भुम्दी खुला पर्वतीय दौड प्रतियोगिताको पूर्वतयारी तथा पुम्दी-भुम्दी क्षेत्रको पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले शनिबार हाइकिङ कार्यक्रम सम्पन्न भएको छ।



पोखरा प्रवर्द्धन केन्द्र र पोखरा क्लिकको आयोजनामा भएको ८ किलोमिटर हाइकिङ पोखरा-१७ स्थित माछापुच्छ्रे बिम्ब पार्क ड्यामसाइडबाट सुरु भई रानीवन, पुम्दीकोटस्थित विशाल महादेवको मूर्ति हुँदै नयाँ पर्यटकीय गन्तव्यका रूपमा विकास भइरहेको 'ड्रिम सिटी'मा पुगेर समापन भएको थियो। कार्यक्रममा बोल्दै पोखरा महानगरपालिका वडा नम्बर २२ का वडाध्यक्ष हिमलाल बरालले पुम्दी-भुम्दी क्षेत्रको पर्यटन विकास तथा पर्वतीय दौड प्रतियोगितालाई वडाले निरन्तर सहयोग गर्दै आएको बताउनुभयो । ड्यामसाइडदेखि रानीवनहुँदैपुम्दीकोटसम्मव्यवस्थित पैदलमार्ग निर्माणको काम अघि बढिरहेको जानकारी दिँदै भन्नुभयो 'योजनाको टेन्डर प्रक्रिया अन्तिम चरणमा पुगेको र एडिबीको सहयोगमा पैदलमार्गसँगै विभिन्न स्थानमा प्रतिक्षालय, रेलिङ्लगायतका भौतिक संरचना निर्माण गरिने छ।' ड्यामसाइडदेखि पञ्चासेक्षेत्रसम्म करिब २७ किलोमिटर फुटट्र्याक निर्माण गर्ने योजनाअन्तर्गत हालसम्म करिब ७ किलोमिटर पदमार्ग निर्माण भइसकेको उहाँले जानकारी दिनुभयो । गण्डकी प्रदेशका सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयका उपसचिव टंकप्रसाद ढकालले खेल पर्यटनले पर्यटकको पोखरा बसाइ अवधि लम्ब्याउन महत्वपूर्ण भूमिका खेल्ने बताउनुभयो । पर्वतीय दौड प्रतियोगितालाई मन्त्रालयले विगतदेखि नै सहयोग गर्दै आएको उल्लेख गर्दै उहाँले आगामी दिनमा सहयोगलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गर्दै यस्ता गतिविधिबाट स्थानीय उत्पादन तथा वस्तुको समेत प्रवर्द्धन हुनेमा जोड दिनुभयो । पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारीले पोखराका अधिकांश डाँडाकाँडा आफैंमा पर्यटकीय सम्भावना बोकेका क्षेत्र भएको बताउँदै गाउँ पर्यटनको विकासका लागि पदयात्रा र पर्वतीय दौडजस्ता गतिविधि महत्वपूर्ण हुने उल्लेख गर्नुभयो । नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका कार्यक्रम अधिकृत युवराज गुरुङले आगामी दिनमा टुक्रे योजना र भौतिक पूर्वाधारभन्दा देखिने किसिमका कार्यक्रम तथा पर्यटन प्रवर्द्धनमा जोड दिने नीति वोर्डको रहेको बताउनुभयो।

नेपाल पत्रकार महासङ्घ गण्डकीका अध्यक्ष रमेश पौडेलले पर्वतीय दौडले पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याएको बताउनुभयो। पुम्दीकोट कोट विकास समितिका कोषाध्यक्ष चण्डिका बरालले प्रतियोगितालाई सफल पार्न समिति आवश्यक समन्वय र सहयोगमा प्रतिबद्ध रहेको जानकारी दिनुभयो। ड्रिम सिटीका सञ्चालक युवा व्यवसायी राजु बरालले आफूहरूले करिब ३० जनालाई प्रत्यक्ष रोजगारी दिएर पुम्दीकोट आउने पर्यटकलाई थप केही घण्टा सो क्षेत्रमा रोक्ने वातावरण निर्माण गर्न आफूहरू सफल भएको बताउनुभयो । विभिन्न आकर्षण अवलोकनका लागि प्रतिव्यक्ति ३५० रुपैयाँ शुल्क लिने गरिएको उहाँले जानकारी दिनुभयो।

पोखरा-२२ पुम्दीकोटमा करिब १४ रोपनी क्षेत्रफलमा फैलिएको ड्रिम सिटीमा अम्ब्रेला पार्क, हट एयर बलुन फोटो बुथ, ग्लास स्काईवाक, पिङ, स्विङ तथा रेष्टुरेन्टलगायतका संरचना रहेका छन् । यहाँबाट अन्नपूर्ण, माछापुच्छे र धौलागिरि हिमाल, फेवाताल, विश्वशान्ति स्तूप तथा कालावाङ घरेडी बुद्धपार्कलगायतका दृश्य अवलोकन गर्न सकिन्छ।

कार्यक्रम संयोजक तथा पोखरा प्रवर्द्धन केन्द्रका अध्यक्ष दिननाथ बरालले असोज १० गते शनिबार आयोजना हुने तेस्रो पुम्दी-भुम्दी खुला पर्वतीय दौड प्रतियोगिताको तयारीस्वरूप हाइकिङ आयोजना गरिएको बताउनुभयो । उहाँका अनुसार प्रतियोगितामा खुलातर्फसहित विभिन्न छवटा इभेन्टमा प्रतिस्पर्धा हुने दौड पुम्दी-भुम्दी क्षेत्रका प्रमुख पर्यटकीय गन्तव्यलाई जोड्दै विश्वशान्ति स्तूपबाट सुरु हुने मुख्य दौड विशाल महादेवको मूर्ति, पोखरा-२२ को वडा कार्यालय हुँदै कालाबाङ न्यालडाँडा हालै निर्माण भएको कालाबाङ घरेडी बुद्धपार्कसम्म करिब ८ किलोमिटर दूरीमा सञ्चालन हुनेछ । गत वर्षको प्रतियोगितामा सात देशका १६७ जना धावक सहभागी भएका थिए। यस वर्ष पनि स्वदेश तथा विदेशका धावकलाई सहभागी गराउने तयारी भइरहेको पोखरा प्रवर्द्धन केन्द्रका सचिव सागर सुनारले जानकारी दिनुभयो । पोखरा प्रवर्द्धन केन्द्रका उपाध्यक्ष असफल गौतमले प्राकृतिक सम्पदामा मात्र निर्भर भएर पर्यटन व्यवस्थापन गर्न कठिन हुने भएकाले दिगो रूपमा अगाडि बढाउन र नयाँ आयाम थप्न मानव निर्मित पर्यटकीय गन्तव्यसँगै हाइकिङ तथा पदमार्गलाई व्यवस्थित गरी प्रकृतिसँग पर्यटनका पाइला जोड्नै पर्ने आवश्यकता रहेको बताउनुभयो । उहाँले पुम्दी-भुम्दी क्षेत्रलाई धार्मिक पर्यटनसँगै गाउँ पर्यटन, पदयात्रा, खेल पर्यटन र मनोरञ्जनको वैकल्पिक गन्तव्यका रूपमा विकास गर्न यस्ता कार्यक्रमले सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो।

हाइकिङ कार्यक्रमको उद्घाटन पोखरा-२२ का वडाध्यक्ष हिमलाल बराल, पोखरा-१७ का वडाध्यक्ष राधिका कुमारी शाही र गण्डकी प्रदेशका पूर्वअर्थमन्त्री रामजीप्रसाद बरालले संयुक्त रूपमा गर्नुभएको थियो। हाईकिङ कार्यक्रमलाई सफल पार्न ड्रिम सिटि, नेपाल पर्यटक यातायात व्यवसायी संघ (एनटिभिए) गण्डकी प्रदेशले सहयोग गरेको थियो। कार्यक्रममा गण्डकी प्रदेशसभा सदस्य प्रकाश बराल, टान गण्डकीका अध्यक्ष कृष्ण प्रसाद आचार्य, होटल सङ्घ पोखराका लक्ष्मण सुवेदी, पोखरा भ्रमण वर्षका निवर्तमान संयोजक गोपीबहादुर भट्टराई, पोखरा माहानगरपाकिला आर्थिक विकास महाशाखा प्रमुख मनोहर कडरिया, हाईकर्स क्लवका अध्यक्ष कृष्ण रानाभाट, नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष एमबी आस्था मगर, ड्रिम सिटिका संचालक मध्यका एक श्याम कुमार बजगाई लगायत पर्यटनकर्मी, सञ्चारकर्मी तथा स्थानीयको सहभागिता रहेको थियो।

## पोखरामा ...

नीति र मदिरा व्यसाय संचाल गर्दा अपनाउनुपर्ने प्रकृयाको वारेमा जानकारी दिनुभएको थियो।

ऋषि न्यौपानेको संयोजकत्वमा भएको कार्यक्रममा करिब एक सय मदिरा व्यवसायी सहभागिता रहेको थियो । कार्यक्रमको सञ्चालन समितिका महासचिव श्रीराम पोखरेल र स्वागत मन्तब्य बरिष्ठ उपाध्यक्ष नेत्र ढुङ्गानाले गर्नुभएको थियो। व्यवसायीहरूले कर र अन्तःशुल्कका विषयमा राखेका जिज्ञासा एवं समस्याहरूको आन्तरिक राजश्व कार्यालयका प्रमुख र अन्य कर्मचारीले सहजिकरण गर्नुभएको थियो।

## लेक सिटी ...

लोकतन्त्र र शासन प्रणालीलाई अझ नजिकबाट बुझ्न सक्ने सहभागी विद्यार्थीको धारणा थियो।

अन्तरक्रियामा फेवा शिक्षा सदन, पश्चिमाञ्चल मावि, माउन्ट अन्नपूर्ण स्कुल, न्यु ग्यालेक्सी मावि र हिल प्वाइन्ट बोर्डिङ स्कुलका कक्षा ११ र १२ मा अध्ययनरत विद्यार्थी सहभागी थिए । कार्यक्रममा लेकसिटी कलेजका सहायक क्याम्पस प्रमुख शोभाकान्त सिग्देलले सहभागीलाई स्वागत गर्दै कार्यक्रमको उद्देश्य र विषयवस्तुबारे जानकारी दिए । उत्प्रेरक उपेन्द्र पौडेलले युवाले करिअर निर्माणका क्रममा भोग्नुपर्ने चुनौतीबारे सहजीकरण गर्दै उच्च शिक्षाका लागि उपयुक्त संस्था र वातावरण छनोट गर्न विद्यार्थीलाई आग्रह गरे । कार्यक्रम संयोजक तथा संसदीय पत्रकार मञ्च गण्डकीका पूर्वअध्यक्ष भरत कोइरालाले मञ्चले यसअघि जनप्रिय बहुमुखी क्याम्पसमा गण्डकी प्रदेश सभाका कामकारबाही तथा पश्चिमाञ्चल माविमा 'नेपालमा संघीयताः अवसर र चुनौती' विषयमा वक्तृत्वकला प्रतियोगिता आयोजना गरेको जानकारी दिए। युवा पुस्तालाई संघीयता, संसदीय अभ्यास र यसले नागरिक जीवनमा पारेको प्रभावबारे जानकारी गराउने उद्देश्यले कार्यक्रम गरिएको संयोजक कोइरालाले बताए । उनका अनुसार यस्ता कार्यक्रमले विद्यार्थीलाई केवल पाठ्यपुस्तकमा सीमित ज्ञानबाट बाहिर निकाल्दै लोकतान्त्रिक अभ्याससँग प्रत्यक्ष जोड्ने काम गर्छ।

# सेती नदीमा टिपर खस्दा चालक बेपत्ता

**पोखरापत्र संवाददाता**
तनहुँ, ६ भदौं

तनहुँको ऋषिङगाउँपालिका-१ बेतेनीस्थित सेती नदीमा शनिबार टिपर खस्दा चालक बेपत्ता भएका छन्।

तनहुँ जलविद्युत् आयोजनाको प्याकेज एकको निर्माण कम्पनी कालिका हाइड्रोपावरको ना १ क ७२४७ नम्बरको टिप्पर सेती नदीमा खसेको हो । चालकको खोजतलास भइरहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक द्वारिकाप्रसाद घिमिरेले जानकारी दिनुभयो। उहाँका अनुसार नेपाली सेना र नेपाल प्रहरीको सहयोगमा सेती नदीमा टिपर चालकको खोजीकार्य भइरहेको छ।


## मानव बेचबिखन नियन्त्रण गरौं

**मानव बेचविखन भन्नाले:**

- मानिसलाई झुक्याएर बन्धक बनाउने वा दास बनाउने,
- मानिसलाई खरिद बिक्री गर्ने र जवरजस्ती काममा लगाउने,
- कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,
- प्रचलित कानुन विपरीत मानव अङ्ग झिक्ने वा व्यापारिक प्रयोजनमा खरिद बिक्री गर्ने,
- वेश्यागमन गर्ने वा गराउनेजस्ता कार्य हुन्।

**तसर्थ:**

- मानव बेचविखनजन्य कार्य गर्ने/गराउनेलाई कानुनबमोजिम कारवाही हुन्छ,
- मानव बेचविखन गरे/गराएको जानकारी पाएमा नजिकको प्रहरी कार्यालयमा खबर गरौं।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**


# बाँझापाटन (क) टोल विकास संस्थामा एकताको उज्यालो

**पोखरापत्र संवाददाता**
पोखरा, ६ भदौं

पोखरा महानगरपालिका-१३ स्थित बाँझापाटन (क) टोल विकास संस्थाको १७औं वार्षिक साधारण सभा शनिबार सम्पन्न भएको छ।

टोलको विकास, सामाजिक एकता र आपसी सद्भावलाई अझ सुदृढ बनाउने प्रतिबद्धतासहित सम्पन्न सभामा स्थानीयवासीको उत्साहजनक सहभागिता रहेको थियो। कार्यक्रममा पोखरा महानगरपालिका वाड न १३ की वडा सदस्य सुचित तामाङले टोलको विकास र सौन्दर्य कायम गर्न संस्थाका सदस्य तथा स्थानीय नागरिक एकजुट भएर अघि बढिरहेको बताइन् । बाँझापाटनमा आपसी एकता, सद्भाव र सहकार्यको भावना बलियो रहेकाले टोल दिनप्रतिदिन सुन्दर र व्यवस्थित बन्दै गएको उनको भनाइ थियो । सभामा टोलका सदस्यहरुले प्रस्तुत गरेको नृत्यले वातावरणलाई थप रमाइलो बनाएको थियो । विशेषगरी दश जोड दुई उत्तीर्ण रोशनी गुरुङको आकर्षक नृत्य प्रस्तुतिले उपस्थित सबैलाई मन्त्रमुग्ध बनाएको थियो। संस्थाका सदस्य भीमबहादुर गुरुङले कुनै पनि संस्था एक्लो प्रयासले नभई सबैको साथ,



सहयोग र सहकार्यबाट मात्र अघि बढ्ने धारणा राखे। उनले टोलको विकाससँगै सामाजिक एकता कायम राख्न सबैको सक्रिय भूमिका आवश्यक रहेको बताए। यसैगरी पोखरापत्र दैनिकका कार्यकारी सम्पादक शोभाकान्त सिग्देलले बाँझापाटन (क) टोल विकास संस्थामा सबैको भावना सकारात्मक र रचनात्मक देखिएको उल्लेख गर्दै यही एकता र सहकार्यकै कारण संस्था वडा नं. १३ मा आफ्नो छुट्टै पहिचान बनाउन सफल भएको बताए । संस्थाका अध्यक्ष सु. नौबहादुर गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा संस्थाका पूर्वअध्यक्ष तथा सल्लाहकार नासु कृष्णबहादुर गुरुङ, कमलपोखरी मार्ग टोल विकास संस्थाका अध्यक्ष सु. इन्द्रबहादुर गुरुङलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रममा संस्थाका प्रथम उपाध्यक्ष ईश्वर गुरुङले स्वागत मन्तव्य राखेका थिए भने सचिव मेनकुमार गुरुङ 'कालु'ले साहित्यिक मिठाससहित कार्यक्रम सञ्चालन गरेका थिए।

साधारण सभामा सचिव मेनकुमार गुरुङ र कोषाध्यक्ष मोहनराज गुरुङले प्रस्तुत गरेका वार्षिक तथा आर्थिक प्रतिवेदन सर्वसम्मत रूपमा पारित भएको छ । सामाजिक एकता, आपसी सद्भाव र सामूहिक प्रयासलाई आफ्नो शक्ति बनाउँदै आएको बाँझापाटन (क) टोल विकास संस्थाको साधारण सभा केवल वार्षिक गतिविधिको समीक्षा गर्ने अवसर मात्र नभई आगामी दिनमा टोललाई अझ व्यवस्थित, समुन्नत र आत्मीय बनाउने साझा संकल्पको थलोसमेत बनेको थियो।

# कांग्रेसद्वारा 'प्रदीप गिरि स्मृति फेलोसिप' घोषणा

**रासस**
काठमाडौं, ६ भदौं

नेपाली कांग्रेसले अनुसन्धान, पुस्तक लेखन, अनुवाद तथा दस्तावेजीकरणका लागि चार जना अनुसन्धानकर्तालाई 'प्रदीप गिरि स्मृति फेलोसिप' प्रदान गर्ने भएको छ।

स्व प्रदीप गिरिको चौथो स्मृतिको अवसरमा शनिबार कांग्रेस केन्द्रीय कार्यालय सानेपामा आयोजित कार्यक्रममा पार्टी सभापति गगनकुमार थापाले अध्ययनका चार प्रमुख क्षेत्रमा चार जनालाई सो फेलोसिप प्रदान गर्ने घोषणा गर्नुभयो।"अनुसन्धान, पुस्तक लेखन, अनुवाद तथा दस्तावेजीकरणका लागि चार जना अनुसन्धानकर्तालाई फेलोसिप प्रदान गरिनेछ, पहिलो नेपाली राजनीति, गणतन्त्र र सङ्घीयता, दोस्रो समावेशिता र सामाजिक न्याय, तेस्रो साहित्य, दर्शन र विचारको इतिहास र चौथो विषय युवा नेतृत्व, नागरिक शिक्षा र लोकतान्त्रिक नवप्रवर्द्धन रहनेछन्", सभापति थापाले भन्नुभयो।

सभापति थापाले प्रदीप गिरिलाई सम्झनु भनेको केवल उहाँका विचारहरू स्मरण गर्नु मात्रै होइन भन्दै स्व गिरिले जीवनभर रोज्नुभएको अध्ययन, प्रश्न, विचार र सामाजिक न्यायको बाटोलाई निरन्तरता दिनु पनि हो भन्ने भावनाका साथ हामी 'प्रदीप गिरि स्मृति फेलोसिप' सुरु गरिएको जानकारी गराउनुभयो । "प्रदीप गिरिका लागि अध्ययन र लेखन जीवनका अभिन्न हिस्सा थिए, समाजको सबैभन्दा कमजोर, सीमान्तकृत र पछाडि पारिएका नागरिकको पक्षमा निर्भीकतापूर्वक उभिने उहाँको प्रतिबद्धता त्यत्तिकै महत्त्वपूर्ण थियो, यिनै दुई मूल भावनालाई केन्द्रमा राखेर हामीले यो फेलोसिपलाई विचार, अध्ययन र अनुसन्धान तथा कर्म, न्याय र अभियानु गरी दुई आधारमा



अघि बढाएका छौं", सभापति थापाले भन्नुभयो । उहाँले कुनै विचारकप्रति सबैभन्दा सार्थक श्रद्धाञ्जली उहाँका विचारलाई स्मारकमा मात्र सीमित गर्नु होइन भन्दै नयाँ पुस्तालाई ती विचारसँग संवाद गर्ने, तिनलाई प्रश्न गर्ने र अझ अगाडि लैजाने अवसर सिर्जना गर्नुभएको बताउनुभयो।

उपसभापति विश्वप्रकाश शर्माले प्रदीप गिरि विचारको विश्वविद्यालय भएको बताउनुभयो। "विसं २००७ देखि मन्त्री बन्नेहरूको नामावली धेरै होला, तर त्यो नामावलीमा उहाँ भेटिनु हुन्न, मन्त्री नभए पनि उहाँ धेरै मानिसले सम्झना गर्ने र सुन्ने व्यक्ति हुनुहुन्छ, संसद्मा बोलेका र कार्यक्रममा बोलेका भिडियोहरू सुन्दा पनि धेरै कुरा थाहा हुन्छ", उपसभापति शर्माले भन्नुभयो । स्व गिरिका भाइ शेखर गिरिले स्व आफ्ना दाजु प्रदीप गिरि सीमित परिवारभित्र अटाउने मानिस नभएको जिकिर गर्दै उहाँ सादगी र साहाकारी जीवनशैलीका परिवारवाद र वंशवादको विरोधी हुनुहुन्थ्यो भन्नुभयो।


"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि**
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

**छाला तथा यौन रोगहरूका लागि**
महिलाहरूमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिल्लाउने,महिलावाडीमा गडबडी आदी
पुरुषहरूमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी



**डा. विनोद मिश्रा**
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरूको सफल उपचारको लागि



**डा. राजिव घिमिरे**
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरूको विशेष आयुर्वेद उपचारको लागि



**डा. सुरेश पुर्बे**
महिनाको प्रत्येक दिन

**उपचार गर्ने रोगहरू :-**

१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

केवल कर्महीन नै त्यस्तो हुन्छन जो भाग्यलाई फुकाउँछन र उसँग गुनासोको बाहुल्यता रहन्छ । – गौतम बुद्ध

## सम्पादकीय

# राजनीतिक दलले ध्यान दिन नसकेको विपद्का घटना

यस वर्षको मनसुन शुरु भएदेखि नेपालको पहाडी क्षेत्रमा बाढी र पहिरोका कारण ठूलो मात्रामा जनधनको क्षति भएको छ। बाढीले बगाएर र पहिरोमा परेर मृत्यु हुने, घाइते तथा बेपत्ताका समाचार आइरहेका छन। रोल्पा, जाजरकोट, सुर्खेत लगायतका जिल्लामा एक साता भित्र कम्तीमा २१ जनाको मृत्यु भएको छ । कयौं घाइते छन । बाढी र पहिरोबाट प्रभावित हुने सयौं परिवार छन । मनसुनकै बेलामा हुने मानवीय क्षति नियमित जस्तै छ। राष्ट्रिय विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार पछिल्लो चार महिनामा मात्रै मनसुनजन्य विपद् बाट देशभरमा २१५ जनाको मृत्यु भइसकेको छ १४५० जना घाइते, र ५८०० परिवार प्रभावित भएको अनुमान छ ।

करिब ७ जना बेपत्ता छन । यो अबधिमा ४६०० विपदका घटना भएका छन। सरकारले विपदका घटना रोकथाम र प्रतिकार्यका लागि बनाएका योजना कार्यान्वयन हुन नसक्दा मानवीय क्षति मात्र होइन पुर्वाधारमा पनि क्षति पुगेको छ । जनजीवन झन कष्टकर भएको छ । सरकार र समाजले विपद्लाई सधैं आंकडाको रुपमा लिने गरेको छ । गृहमन्त्रालयले सधैं विपद्का घटना प्रस्तुत गर्दा तथ्यांक दिएर त्यसले मानवीय जीवनमा कस्तो असर परेको छ भनेर विश्लेषण गर्ने आवश्यकता देखेको छैन । विपद्ले पुऱ्याउने क्षति र आघातका वास्तविक चित्र र तथ्यांक कहिल्यै पनि पूर्णरूपमा सार्वजनिक हुन सक्दैन । अर्थात्, जस्ता क्षति देखिन्छन्, त्यसको असर अझै बढी बृहत् हुने गर्छ । यस वर्षको मनसुन अझै बाँकी रहेको र अन्य प्राकृतिक र मानव सिर्जित विपद् को सम्भावना सधैं रहने गरेकाले पनि सचेत हुन आवश्यक छ । फरक-फरक प्राकृतिक विपद्का सम्भावना बोकेका फरक-फरक भौगोलिक क्षेत्र हुने गर्छन् । जस्तो कि, पहाडी भूगोलमा पहिरोको बढी जोखिम हुन्छ । ठूलो वर्षा हुने, त्यसपछि पहिरो आउने र बस्ती नै बगाउने जस्ता घटना सालैपिच्छे हुने गरेका छन् । जाजरकोटको भेरी नगरपालिका -२ रिसाङ, बुधबार थबाङ गाउँपालिका-५ उवाको कोटलबारा, बिहीबार सुनछहरी गाउँपालिका-२ गामको फलबाङ टोल, बाजुराको त्रिवेणी नगरपालिका-९ ताम्सु लगायतका ठाउँमा पहिरो खस्दा जनधनको क्षति भएको छ । पहिरोमा परेर सडक बग्ने, पुरिने तथा अवरोध हुने हुँदा यात्रा अनिश्चित र जोखिमपूर्ण हुने गर्छ । अर्कोतर्फ, तराई क्षेत्रमा बाढीले घर तथा खेत बगाउने र डुबान गर्ने हुँदा हरेक वर्षजसो जनधनको क्षति हुने गर्छ ।

फरक-फरक भूगोलको जोखिम फरक-फरक ढंगकै हुने हुँदा जोखिम न्यूनीकरणका लागि गरिने पहलकदमी पनि भौगोलिक यथार्थअनुसार रणनीतिक हुनुपर्छ । त्यस्तो अवस्थामा पनि नागरिक तथा सरकारका प्रयत्न लाभदायक हुन सक्छ। सरकार, राजनीतिक दल र संचार माध्यमको प्राथमिकता त्यता पर्दैन। अझ राजनीतिक दलले विपद्का लागि कार्यकर्ता परिचालन गर्न छोडेर एकअर्कालाई खुल्याउन तल्लीन छन।स्थानीय र प्रदेश सरकारलाई दिशा निर्देशन गर्न राजनीतिक दल चुकेका छन । पहाडी क्षेत्रका संरचना कमलो ठान्ने गरिएको छ। भूकम्प जस्ता कारणले कमजोर भू-संरचना खलबलिँदा पहिरोको जोखिम झन् बढ्ने गर्छ। तर नेपालमा अझै पनि कुन भूगोल मानवबस्तीका लागि उपयोगी छ भनेर निर्धारण गरिएको छैन। कस्ता ठाउँमा घर बनाउन पाइने वा नपाइने भन्नेमा कुनै प्रस्ट मापदण्ड नभएका कारण मानिसले आफ्नै ढंगले घर बनाउने र जीविकोपार्जनमा जोडिने गर्छन् । जसले गर्दा पहिरोको जोखिममा रहेका घर वा बस्तीले कुनै पनि बेला जनधनको क्षति बेहोर्नुपर्ने हुन सक्छ।

यदि सरकारले नै पहिरो लगायतका प्राकृतिक विपद्को सम्भावना रहेको क्षेत्रबारे अध्ययन गरेर, मापदण्ड निर्धारण गरेर, निगरानी गरेर घर बनाउन पाइने क्षेत्र छुट्याउने हो भने जथाभावी घर बनाउने र कालान्तरमा क्षति भोग्ने सम्भावना कम हुने थियो । तराई क्षेत्रमा भने नदी किनारामा बलियो बाँध बनाउने, डुबानका निकास बनाउने कामलाई प्राथमिकता दिनुपर्छ। प्राकृतिक तथा मानव सिर्जित विपद्बाट हुन सक्ने क्षतिलाई कम गर्न व्यक्ति, परिवार, स्थानीय संघसंस्था तथा तीनै तहको सरकारको उत्तिकै भूमिका हुन्छ। व्यक्ति तथा परिवारले आफू बसोबास गर्ने क्षेत्र कुनै विपद् को सम्भावना भएको क्षेत्र हो वा होइन भनेर आकलन गरेर बसोबासको रणनीति बनाउनुपर्छ । त्यस्तै, बसोबास गरिरहेको ठाउँको सम्भावित जोखिमअनुसार पूर्वतयारी गर्नुपर्छ । हतारमा भाग्नुपरेमा आवश्यक वस्तु तयारी अवस्थामा राख्नुपर्छ। परिवारका सदस्यसँग बेलाबखतमा यसबारे अन्तर्क्रिया गर्ने तथा सहयोग माग्ने ठाउँ र निकायबारे जानकार हुनुपर्छ । राजनीतिक दल र नागरिक समाज तथा संचार माध्यमले नागरिकलाई सचेत पार्ने र समुदायलाई परिचालन गर्न जरुरी छ।


# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : अप्रत्यसित लाभ |
| वृष | : स्वास्थ्यमा सुधार | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : शुभ यात्रा | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : आर्थिक समस्या | मकर | : मानसिक तनाब |
| सिंह | : शत्रुको भय | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : कार्यमा सफलता | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# गोरखाको जङ्गलमा पाँच थान भरुवा बन्दुक भेटियो

**पोखरापत्र संवाददाता**
गोरखा, ६ भदौं

गोरखाको एक जङ्गलमा पाँच थान भरुवा बन्दुक बेवारिसे अवस्थामा फेला परेको छ।

इलाका प्रहरी कार्यालय आरुघाटबाट गएको गस्ती टोलीले आज अपराह्न करिब ५ बजेतिर आरुघाट गाउँपालिका-६ चिहानडाँडाको जङ्गलमा लुकाइ राखिएको अवस्थामा बन्दुक फेला पारेको हो। प्रहरी निरीक्षक अनील श्रेष्ठ नेतृत्वको गस्ती टोलीले सो जङ्गलभित्र सल्लाको हाँगाले छोपिराखेको अवस्थामा बन्दुक फेला पारेका प्रहरीको भनाइ छ । भेटिएका पाँच वटामध्ये एक थान थोत्रो भएर भाँचिएको अवस्थामा रहेको र अरु चार वटा पनि लामो समयदेखि जङ्गलमै लुकाइछिपाइ राखिएको अवस्थामा रहेकाले खिया लागेको प्रहरीको भनाइ छ।

यस विषयमा थप अनुसन्धान भइरहेको प्रहरी नायब उपरीक्षक राजकुमार श्रेष्ठले जानकारी दिनुभयो।

# प्रधानन्यायाधीश डा शर्मा पोखरामा

**पोखरापत्र संवाददाता**
पोखरा, ६ भदौं

प्रधानन्यायाधीश डा मनोजकुमार शर्माले उच्च अदालत पोखरा र कास्की जिल्ला अदालतको निरीक्षण तथा अनुगमन गर्नुभएको छ। उहाँले दुवै अदालतको निरीक्षणसँगै सेवा प्रवाहको अवस्थाबारे जानकारी लिनुभएको हो।

प्रधानन्यायाधीश डा शर्माले गत वर्षको 'जेन्जी' आन्दोलनका क्रममा आगजनीमा परी क्षतिग्रस्त बनेका अदालत भवनको अवलोकनसमेत गर्नुभएको सर्वोच्च अदालतका उप-रजिष्ट्रार राजेन्द्र पौडेलले बताउनुभयो । "जेन्जी आन्दोलनका क्रममा क्षति पुगेका अदातल भवनको अवलोकन तथा अनुगमनका सिलसिलामा प्रधानन्यायाधीश पोखरा आइपुग्नुभएको हो", उहाँले भन्नुभयो, "शनिबार उच्च अदालत पोखरा बागलुङ इजलास, जिल्ला अदालत बागलुङ र जिल्ला अदालत म्याग्दीको पनि निरीक्षण गर्नुहुने कार्यक्रम रहेको छ।" प्रधानन्यायधीश शर्मा आइतबार तनहुँ पुगी 'जेन्जी' आन्दोलनका क्रममा क्षति पुगेको जिल्ला अदालत भवनको अवलोकन गर्नुहुनेछ । 'जेन्जी' आन्दोलनका बेला उच्च अदालत पोखरा, कास्की जिल्ला अदालत र तनहुँ जिल्ला अदालतमा आगजनी गरी क्षति पुऱ्याइएको थियो।

अदालत भवन जलेपछि ती अस्पतालको न्याय सम्पादनसहित समग्र सेवा प्रवाहमा कठिनाई उत्पन्न भइरहेका बेला प्रधानन्यायाशीध शर्माले भवन पुर्ननिर्माणको कामलाई अगाडि बढाउन पहल लिनुभएको उप-रजिष्ट्रार पौडेलले बताउनुभयो । प्रधानन्यायाशीश शर्माले नेपाल बार एशोसिएशन, पोखरा महानगरपालिकाका प्रतिनिधिसहित सरोकार भएका पक्षहरूसँग कास्की जिल्ला अदालत भवन निर्माणका लागि जग्गा व्यवस्थापनलगायतका विषयमा छलफल गर्नुभएको थियो । भवन जलेपछि उच्च अदालत पोखरा र कास्की जिल्ला अदालतले अस्थायी संरचनामा इजलास सञ्चालन गर्दै आएको छ।

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. १९ निवासी गम बहादुर खोरजाको छोरा भारतीय भू.पू.सै.नं. 5242067Y, 3/3 GR का डिल बहादुर खोरजाको माग निवेदन अनुसार निजको श्रीमती कुमा खोरजाको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर कुमा खोरजा (Kuma Khoraja) र जन्ममिति वि.सं. २०११।१२।१७ (ई.सं.१९५५।०३।३०) उल्लेख भएको र निजको भारतीय पेन्सन अभिलेखमा निजको श्रीमतीको नामथर कुमा पुन (Kuma Pun) र जन्ममिति वि.सं. २०१६।११।०३ (ई.सं.१९६०।०२।१५) उल्लेख भई फरक परेतापनि माथि उल्लेखित फरक जन्ममिति र नामथर भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका १९ नं. वडा कार्यालयको च.नं. ४११ मिति २०८३।०५।०३ को सिफारिस पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**

## एउटै व्यक्ति भएको सूचना



पाल्पा जिल्ला रामपुर नगरपालिका वडा नं. ४ निवासी भारतीय भू.पू सैनिक नं. ०५२४५१०२F HON-NB-SUB का केश बहादुर थापा (ना.प्र.मा केश बहादुर शाही) को श्रीमती मीना कुमारी (ना.प्र.मा मीना कुमारी शाही) को नेपाली नागरिकता प्रमाणपत्र र भारतीय पेन्सन अभिलेखमा निम्न विवरण भई फरक परेको भएता पनि व्यक्ति एउटै भएको व्यहोरा रामपुर नगरपालिका ४ नं. वडा कार्यालयको च.नं.१३३, मिति २०८३।०५।०२ गतेको पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ।

**तपशिल:**

**नागरिकता प्रमाणपत्रमा उल्लेखित नामथर:**

नाम थर: मीना कुमारी शाही

जन्ममिति:-२०२६/०८/१७

**भारतीय पेन्सन कागजातमा उल्लेखित नामथर:**

नाम थर: मीना कुमारी

जन्ममिति सन:-१९६९/०२/१२

**जिल्ला प्रशासन कार्यालय, पाल्पा**

# राधाकृष्ण मन्दिरमा राष्ट्रिय भजन चुड्का तथा झाँकी ऱ्याली प्रतियोगिता हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ६ भदौं

राधाकृष्ण सांस्कृतिक समूह पोखरा-३२, गगनगौडाको आयोजनामा धर्म, संस्कृति तथा परम्पराको संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यले श्रीकृष्ण जन्माष्टमीको अवसरमा ११औं संस्करणको बृहत् राष्ट्रियस्तरीय भजन चुड्का प्रतियोगिता तथा झाँकी र्‍याली हुने भएको छ।

राधाकृष्ण सांस्कृतिक समूहले शनिबार राधाकृष्ण मन्दिरमा आयोजना गरेको साक्षात्कार कार्यक्रममा प्रतियोगिताबारे जानकारी दिएको हो । आगामी कृष्ण जन्माष्टमीका दिन पोखरा-३२ लामेआहालस्थित राधाकृष्ण मन्दिर, शान्ति आश्रममा प्रतियोगिता आयोजना गरिने संस्थाका अध्यक्ष झुला प्रसाद भण्डारीले जानकारी दिए । प्रतियोगितामा गण्डकी, लुम्बिनी र बागमती प्रदेशका विभिन्न सांस्कृतिक समूहको सहभागिता रहनेछ । प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुने समूहलाई क्रमशः ५० हजार, ३० हजार, २० हजार र १० हजार रुपैयाँ नगदसहित प्रमाणपत्र प्रदान गरिने आयोजकले जनाएको छ । साथै सहभागी सम्पूर्ण टोलीलाई ५ हजार रुपैयाँ नगद प्रदान गरिनेछ भने समूह दर्ता शुल्क २ हजार रुपैयाँ तोकिएको छ। कार्यक्रमकी प्रमुख अतिथि रुपा गाउँपालिकाकी उपाध्यक्ष लालसुब्बा गुरुङले विविध सांस्कृतिक सम्पदाले सम्पन्न नेपाललाई चिनाउने धर्म, परम्परा, चाडपर्व र संस्कृतिको संरक्षणमा झाँकी र्‍याली तथा भजन चुड्का प्रतियोगिताले महत्वपूर्ण भूमिका खेल्ने बताइन् । पोखरा पर्यटकीय राजधानीसमेत भएकाले यस्ता मौलिक सांस्कृतिक कार्यक्रमले पर्यटन प्रवर्द्धनमा थप टेवा पुग्ने विश्वास व्यक्त गर्दै उनले यस्ता कार्यक्रमका लागि पालिकाले सहयोग गर्ने प्रतिबद्धता जनाइन् ।

संस्थाका अध्यक्ष भण्डारीले गगनगौडा क्षेत्र ऐतिहासिक तथा धार्मिक दृष्टिले महत्वपूर्ण रहेको बताए । च्यवन खोला र सरस्वती नदीको संगमस्थल रहेको यस पवित्र भूमिमा हरेक वर्ष कुम्भ मेलाको आयोजना गर्ने लक्ष्य रहेको भन्दै उनले धार्मिक तथा सांस्कृतिक गतिविधिले क्षेत्रको पूर्वाधार विकासमा समेत योगदान पुग्ने विश्वास व्यक्त गरे । गर्ग तथा च्यवन ऋषिको तपोभूमिका रूपमा समेत यस क्षेत्रको धार्मिक तथा ऐतिहासिक महत्व रहेको उल्लेख गर्दै अध्यक्ष भण्डारीले क्षेत्रको विकास र प्रचार-प्रसारमा सांस्कृतिक कार्यक्रमले महत्वपूर्ण भूमिका खेल्ने बताए । राष्ट्रियस्तरका विभिन्न सांस्कृतिक समूहलाई हरेक वर्ष सहभागी गराउँदै आएको र आगामी दिनमा पनि कार्यक्रमलाई निरन्तरता दिइने उनले बताए । कार्यक्रम सफल बनाउन १०२ सदस्यीय मूल समारोह समिति गठन गरिएको जानकारी दिँदै अध्यक्ष भण्डारीले प्रतियोगिताबाट करिब ८ लाख रुपैयाँ आम्दानी हुने अपेक्षा गरिएको बताए। उनले प्रतियोगिता सफल बनाउन सबै क्षेत्रबाट सहयोगको अपेक्षा गरिएको समेत बताए।

साक्षात्कार कार्यक्रममा गुरुकुल सांस्कृतिक विद्यालयका अध्यक्ष नगेन्द्र प्रसाद रेग्मी, संस्थाका पूर्वअध्यक्ष सन्जयराज ढकाल, विश्वभूषण खनाल, विजया श्रेष्ठ, राधाकृष्ण मन्दिरका सचिव रामचन्द्र सिग्देल, वृद्धाश्रमकी महासचिव रजनी लामिछाने, जनविकास टोलकी अध्यक्ष निर्मला श्रेष्ठ, समाजसेवी मोहनकुमार प्रधान, नारायण प्रसाद सुवेदीलगायतले प्रतियोगिताको महत्व र आवश्यकताबारे धारणा राखेका थिए।

कार्यक्रमको सञ्चालन संस्थाका सचिव केशवराज पौडेलले गरेका थिए।

# आदर्श कपको आयव्यय सार्वजनिक, पत्रकार मञ्चलाई १० हजार सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, ६ भदौं



आदर्श युवा क्लब लेखनाथ भण्डारढिकले २६औं आदर्श कप फुटबल प्रतियोगिताको आयव्यय सार्वजनिक गर्दै मिडिया सहयोगी संस्था लेखनाथ पत्रकार मञ्चलाई १० हजार रुपैयाँ सहयोग गरेको छ।

क्लबले गत पुस ९ गतेदेखि १६ गतेसम्म सञ्चालन गरेको फुटबल प्रतियोगिताको आयव्यय सार्वजनिक तथा समीक्षा कार्यक्रममा कुल ४० लाख ९५ हजार ९२ रुपैयाँ आम्दानी भएको र ३३ लाख ३९ हजार २२२ रुपैयाँ खर्च भएको जानकारी दिइएको हो। प्रतियोगिताबाट ७ लाख ५५ हजार ८७० रुपैयाँ बचत भएको क्लबका कोषाध्यक्ष विष्णु हमालले आयव्यय विवरण प्रस्तुत गर्दै जानकारी दिनुभयो।

सोही अवसरमा क्लबले प्रतियोगितामा मिडिया सहयोग गरेको लेखनाथ पत्रकार मञ्चलाई १० हजार रुपैयाँ सहयोग गरेको थियो। क्लबका अध्यक्ष पदम गुरुङ तथा कार्यक्रमका प्रमुख अतिथि पोखरा महानगरपालिका वडा नं. २९ का वडा अध्यक्ष श्रीप्रसाद गुरुङले मञ्चका अध्यक्ष विष्णुहरि पौडेल, निवर्तमान अध्यक्ष कविराज खनाल र संस्थापक अध्यक्ष भीमपाणि बराललाई संयुक्त रूपमा चेक हस्तान्तरण गर्नुभयो।

मञ्चका अध्यक्ष विष्णुहरि पौडेलले क्लबबाट प्राप्त सहयोग रकम संस्थाको अक्षयकोषमा राखिने बताउँदै आगामी दिनमा पनि क्लब र पत्रकार मञ्चबीच सहकार्य गर्दै प्रतियोगितालाई थप व्यवस्थित र सफल बनाउने प्रतिबद्धता व्यक्त गर्नुभयो।

कार्यक्रमका प्रमुख अतिथि वडा अध्यक्ष श्रीप्रसाद गुरुङले युवाहरूको विदेश पलायन कम गर्न खेलकुद प्रतियोगिताले महत्वपूर्ण भूमिका खेल्ने बताउनुभयो। उहाँले भण्डारढिक खेलमैदानमा अपेक्षाअनुसारको भौतिक पूर्वाधार अझै पर्याप्त नभएको भन्दै सबै पक्ष मिलेर खेलमैदानको विकासमा लाग्नुपर्नेमाजोडदिनुभयो।बहुवर्षीय योजनाअनुसार खेलमैदानलाई व्यवस्थित गर्दै आगामी २७औं आदर्श कप सञ्चालनका लागि अहिलेदेखि नै तयारी गर्न उहाँले क्लबका सदस्य तथा खेलप्रेमीलाई आग्रह गर्नुभयो। वडा कार्यालयले युवा लक्षित कार्यक्रमलाई प्राथमिकता दिँदै यस वर्ष पनि क्लबका लागि ३ लाख रुपैयाँ बजेट विनियोजन गरेको उहाँले जानकारी दिनुभयो। क्लबका अध्यक्ष पदम गुरुङले ' निरन्तरता हाम्रो प्रतिबद्धता' भन्ने नाराका साथ स्थापना भएको आदर्श युवा क्लबले फुटबलसँगै विभिन्न सामाजिक तथा खेलकुद गतिविधिलाई निरन्तरता दिँदै आएको बताउनुभयो । प्रतियोगिता सफल बनाउन आर्थिक, नैतिक तथा भौतिक रूपमा सहयोग गर्ने सरकारी कार्यालय, संघसंस्था, क्लब, आमा समूह तथा स्थानीयवासीप्रति उहाँले धन्यवाद व्यक्त गर्नुभयो।

क्लबले फुटबल प्रतियोगितासँगै रक्तदान, तीज गीत प्रतियोगिता, दौड प्रतियोगिता, विद्यालयस्तरीय खेलकुद प्रतियोगिता, जुडो तथा कराते लगायतका कार्यक्रम सञ्चालन गर्दै आएको उहाँले जानकारी दिनुभयो। भण्डारढिक खेलमैदानको संरक्षण तथा विकास गर्दै आगामी दिनमा अन्य खेलकुद गतिविधिलाई समेत निरन्तरता दिने उहाँको भनाइ थियो।

लेखनाथ उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष गोपीचन्द्र वास्तोलाले क्लबले मेहनतपूर्वक आयव्यय विवरण सार्वजनिक गरेको भन्दै सन्तोष व्यक्त गर्नुभयो । उहाँले बचत रकमलाई व्यवस्थित रूपमा खेलकुदको विकासमा खर्च गर्न आग्रह गर्नुभयो।

वास्तोलाले भण्डारढिक खेलमैदानको उचित व्यवस्थापन आवश्यक रहेको बताउँदै लेखनाथ महोत्सवको सुरुवाती चरणमा समेत यही स्थानबाट कार्यक्रम सञ्चालन भएको स्मरण गर्नुभयो । आगामी वर्षदेखि महोत्सव स्थल पुनः यही क्षेत्रमा सञ्चालन गर्न सके खेलमैदान र क्लबको विकासमा थप सहयोग पुग्ने उहाँको भनाइ थियो । कार्यक्रममा क्लबका संस्थापक अध्यक्ष चेतबहादुर गुरुङ, जनप्रकाश बहुमुखी क्याम्पसका प्रमुख ऋषिराम बुढाथोकी, गण्डकी ट्रक व्यवसाय समितिका अध्यक्ष सुरेन्द्र त्रिपाठी, सिद्धार्थ टोल संस्थाका अध्यक्ष रामजी पौडेल, भण्डारढिक टोल विकास संस्थाका अध्यक्ष अरुण गुरुङ, पूर्वअध्यक्ष रामबहादुर गुरुङलगायतले क्लब तथा खेलमैदानको विकासका विषयमा धारणा राख्नुभएको थियो ।कार्यक्रममा क्लबका उपाध्यक्ष ओमप्रकाश गुरुङले धन्यवाद ज्ञापन गर्नुभएको थियो भने सञ्चालन सचिव सन्तोष गुरुङले गर्नुभएको थियो।

